# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ श्रावण २४

**अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि १६९ सम्बन्धी राष्ट्रिय कार्ययोजना तत्काल कार्यान्वयन गर्न आयोगको आग्रह**

राष्ट्रिय मानव अधिकार आयोगले आइएलओ महासन्धि १६९ कार्यान्वयन राष्ट्रिय कार्ययोजनाको मस्यौदालाई स्वीकृत गरी तत्काल कार्यान्वयनमा ल्याउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ। नेपालले आइएलओ महासन्धि-१६९ लाई वि.सं. २०६४ भदौ २८ गते अनुमोदन गरेको थियो। यो सन्धि अनुमोदनको एक दशक बित्दा समेत कार्ययोजना मस्यौदा स्वीकृत हुन नसक्दा आदिवासी जनजातिहरुको मानव अधिकार संरक्षण र संवर्द्धन प्रभावकारी रुपमा कार्यान्वयनप्रति सरकारलाई गम्भीर हुन आयोग आग्रह गर्दछ। साथै आइएलओ १६९ अनुरुप घरेलु कानुनहरु संसोधन गरी आदिवासी जनजाति अधिकारको सुनिश्चितता गर्न आयोग सरकारलाई ध्यानाकर्षण गर्दछ।

२२ औं अन्तर्राष्ट्रिय आदिवासी जनजाति दिवसको अवसरमा आइएलओ महासन्धि कार्यान्वयन सम्बन्धी मस्यौदा राष्ट्रिय कार्ययोजनाको सम्बन्धमा विभिन्न सरकारी निकाय, आदिवासी जनजाति अधिकारकर्मी तथा सांसदबीच आज आयोगको केन्द्रिय कार्यालयको सभाहलमा छलफल कार्यक्रम गरेको छ।

कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै आयोगका माननीय सदस्य मोहना अन्सारीज्यूले विगत लामो समय देखि राष्ट्रिय मानव अधिकार आयोग यस विषयमा बहस चलाउँदै आएको, नेपाल सरकारले मानव अधिकारका विषयमा गरेका प्रतिबद्धताहरुलाई विभिन्न घरेलु कानुन सँग कसरी प्रतिबिम्बित गरेको छ त्यसको परीक्षण गर्ने उद्देश्य सहित यस छलफल कार्यक्रमको आयोजना गरिएको बताउनु भयो।

सो अवसरमा आयोगका अध्यक्ष्य माननीय अनूपराज शर्माज्यूले सहभागीहरुबाट उठेका विषयलाई सम्बोधन गर्दै कार्ययोजनाका केही पक्ष कार्यान्वयन भएको भए पनि मस्यौदा मन्त्रिपरिषदमा पुगेर थन्क्याईनु दुःखद भएको बताउनुभयो। उहाँले संविधान, कानुन कार्यान्वयन गर्ने मानसिकता हुनुपर्ने, मातृभाषामा शिक्षा लिन पाउनुपर्ने अधिकारको कार्यान्वयन गरिनुपर्ने, आयोग नेपालका सबै जात, जाति, भाषा, भाषी, धर्म, संस्कृतिका अधिकारप्रति स्पष्ट रहेको बताउँदै यसका लागि सम्बन्धित सबै पक्षको सहयोग आवश्यक रहेको बताउनुभयो।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org